# ग्रामीण दूरसञ्चार बिकास कोष परिचालन गरी सञ्चालित परियोजनाहरुको २०७७ साउन मसान्तसम्मको प्रगति बिबरण सम्बन्धमा प्राधिकरणबाट जारी

# प्रेश बिज्ञप्ति

नेपाल दूरसञ्चार प्राधिकरणबाट दूरसञ्चार ऐन, २०५३ को दफा ३० को उपदफा (४) बमोजिम खडा गरिएको ग्रामीण दूरसञ्चार बिकास कोषको परिचालन गरी ग्रामीण क्षेत्रमा ब्रोडब्याण्ड नेटवर्क एक्सेस तथा सूचना महामार्ग निर्माण गर्न सञ्चालित बिभिन्न परियोजनाहरुको बि.सं. २०७७ साउन मसान्त सम्ममा भएका प्रगति सम्बन्धी संक्षिप्त बिबरण देहाय बमोजिम रहेको ब्यहोरा सम्बन्धित सबैको जानकारीका लागि प्रेसित गरिएको छ ।

## १. <u>भौतिक प्रगतिः</u>

### १.१ ब्रोडव्याण्ड ईन्टरनेट सेवा उपलव्ध गराउने परियोजनाः

ग्रामीण दूरसञ्चार बिकास कोष परिचालन गरी ब्रोडव्याण्ड सेवा उपलब्ध गराउने १८ वटा प्याकेजहरु मध्ये १२ वटा प्याकेजमार्फत ४६ जिल्लाका तोकिए बमोजिमका स्थानहरूमा १००% तथा एउटा प्याकेज अन्तर्गतका ४ जिल्लाका तोकिए बमोजिमका स्थानहरूमा ५०% कार्य सम्पन्न भई सेवा सञ्चालनमा रहेको छ । ४ वटा प्याकेज अन्तर्गतका २० जिल्लाका तोकिए बमोजिमका स्थानहरूमा नेटवर्क तथा ब्रोडब्याण्ड कनेक्टिभिटी जडानको लागि सेवा प्रदायकहरु छनौट भई निर्माण कार्य भईरहेको छ र बाँकि एउटा प्याकेजमार्फत ४ जिल्लाका तोकिएका स्थानहरूमा नेटवर्क तथा ब्रोडब्याण्ड कनेक्टिभिटी जडानको लागि सेवा प्रदायक छनौट भई सम्झौता हुने क्रममा रहेको छ। नेटवर्क तथा ब्रोडब्याण्ड कनेक्टिभिटी जडान सम्पन्न भएका परियोजनाहरु अन्तर्गत सञ्चालित इन्टर्नेट सेवाको गुणस्तर मापदण्ड अनुसार रहे/नरहेको सम्बन्धमा बिबरण लिने कार्य तथा सेवा प्रदायकको Network Operation Centre (NOC) बाट समेत समय समयमा परीक्षण तथा अनुगमन भइरहेको छ ।

२०७७ साउन मसान्तसम्म उपरोक्त उल्लेखित ब्रोडव्याण्ड परियोजनाहरुको संक्षिप्त भौतिक प्रगति बिबरण यस प्रकार रहेकोः

| विवरण | स्थानीय निकायको कार्यालय | वडा कार्यालय | माध्यमिक विद्यालय | स्वास्थ्य संस्था | कुल |
|---|---|---|---|---|---|
| सबै १८ प्याकेज गरी कुल अनुमानित साइट संख्या | ७०१ | ५९५२ | ५५९७ | ४३५१ | १६६०१ |

| | | | | | |
|---|---|---|---|---|---|
| सम्झौता भएका १७ प्याकेजका साईट संख्या | ६१८ | ५१७० | ४८८९ | ३७९१ | १४४६८ |
| इन्टरनेट जडान सम्पन्न भएको साईट संख्या | ४६६ | ३९१० | ३२२० | २७७२ | १०३६८ |
| जडान गर्न बाँकि साइट संख्या | २३५ | २०४२ | २३७७ | १५७९ | ६२३३ |
| इन्टरनेट जडान सम्पन्न प्रतिशत | ६६.४८ | ६५.६९ | ५७.५३ | ६३.७१ | **६२.४५** |
| इन्टरनेट जडान सम्पन्न प्रतिशत (सम्झौता भएका प्याकेजको आधारमा मात्र गणना गर्दा) | ७५.४० | ७५.६३ | ६५.८६ | ७३.१२ | ७१.६६ |

**१.२ मध्य पहाडी लोकमार्ग तथा जिल्ला सदरमूकाम जोड्ने सूचना महामार्गः**

ग्रामीण दूरसञ्चार बिकास कोष परिचालन गरी सञ्चालित मध्यपहाडी लोकमार्ग तथा जिल्ला सदरमुकाम जोड्ने सूचना महामार्ग निर्माण गर्ने कार्यलाई यस प्राधिकरणबाट देहायका तीन वटा प्याकेजहरु मार्फत अगाडी बढाइएको छ ।

१. **<u>प्याकेज१ (प्रदेशनं. १, २ र बागमती प्रदेश)</u>**: नेपाल दूरसञ्चार कम्पनी लि. संग २ बर्षभित्र कार्य सम्पन्न गर्ने गरी प्राधिकरणले सम्झौता गरी निजबाट उल्लेखित कार्य शुरु भएको छ । २०७७ साउन मसान्त सम्म २९८ कि. मि. अप्टिकल फाईबर बिछ्याउने कार्य, २५ वटा DWDM System को जडान कार्य तथा २८ वटा Core Router Equipment हरु जडान गर्ने कार्य सम्पन्न भई हाल Provisional Acceptance Test (PAT) को प्रक्रियामा रहेको छ । साथै जडान भएका DWDM System हरुको Commissioning तथा Service migration को लागि तयारी भइरहेको छ।

२. **<u>प्याकेज २ (गण्डकी प्रदेश र प्रदेश नं.५)</u>**: श्री युनाइटेड टेलिकम लि. ले २ बर्षभित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा निजको सम्झौता बमोजिम कार्यको भौतिक प्रगति शुन्य रहेको हुँदा आयोजना सम्पन्न हुनेमा प्राधिकरण विश्वस्त नभएकोले सम्झौताको म्याद थप नगर्ने निर्णय प्राधिकरणबाट भएको । उक्त प्राधिकरणको निर्णय बदर गर्नको लागि सर्वोच्च अदालतमा रिट निवेदन दायर भई सो विषयमा सर्वोच्च अदालतबाट उक्त रिट निवेदनको टुङ्गो नलागे सम्म अवधि थप नगर्ने निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश भएको ।

३. **प्याकेज३ (कर्णाली प्रदेश र सुदूर पश्चिम प्रदेश)**: नेपाल दूरसञ्चार कम्पनी लि. संग २ बर्षभित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता भएको र साउन महिनामा Microwave Transmission Network र ADSS Optical Fiber Network गरी २ वटा Package को बोलपत्र आह्वान गरी खरिद प्रक्रिया अगाडी बढेको छ । साथै अन्य Package को बोलपत्र आह्वान गरी खरिद प्रक्रिया अगाडी बढ्ने क्रममा रहेको छ ।

उपरोक्त सूचना महामार्ग निर्माण गर्ने परियोजनाहरुको संक्षिप्त भौतिक प्रगति बिबरण यस प्रकार रहेकोः

| बिबरण | प्याकेज१ (प्रदेश नं. १, २ र बागमती प्रदेश) | प्याकेज२ (गण्डकी प्रदेश र प्रदेश नं. ५) | प्याकेज३ (कर्णाली प्रदेश र सुदूर पश्चिम प्रदेश) |
|---|---|---|---|
| सम्झौता बमोजिम जडान गर्नुपर्ने अप्टिकल फाइबरको दूरी (कि. मि.) | २१७९* | २१६० | १९९२ |
| हालसम्म सम्पन्न अप्टिकल फाइबरको दूरी (कि. मि.) | २९८ | X | X |
| हालसम्मको अप्टिकल फाइबर बिछ्याउने कार्यको प्रगति (प्रतिशत) | १३.६७ | X | X |
| सम्झौता बमोजिम जडान गर्नुपर्ने उपकरण सम्बन्धी बिबरणः | | | |
| १. DWDM System | २६ | २१ | २८ |
| २. Core Router | ४८ | ७३ | ५६ |

| | | | |
|---|---|---|---|
| Equipment | | | |
| हालसम्म जडान गरिएको उपकरण सम्बन्धी बिबरणः | | | |
| १. DWDM System | २५ | X | X |
| २. Core Router Equipment | २८ | X | X |
| सम्झौता बमोजिम जडान गर्नुपर्ने माईक्रोवेभ लिंक सम्बन्धी बिबरणः | | | |
| माईक्रोवेभ स्पटको संख्या | X | X | 18 hops |
| हालसम्म जडान गरिएको माईक्रोवेभ लिंक सम्बन्धी बिबरणः | | | |
| माईक्रोवेभ स्पटको संख्या | X | X | X |

* SLO बाट Detail Implementation Plan भएपश्चात २०८३.५५१ कि.मि. मात्र हुन आएको ।

## २. <u>बित्तीय प्रगतिः</u>

२०७७ श्रावण मसान्त सम्म ब्रोडव्याण्ड तथा सूचना महामार्ग परियोजनामा भएको बित्तीय प्रगति बिबरण।

| सम्झौता भएका परियोजनाहरुको जम्मा सम्झौता रकम | रकम |
|---|---|
| • ब्रोडब्याण्ड परियोजनाहरुको जम्मा सम्झौता रकम | रु. ५,२६,९७,७०,२०१।३९ |

| | |
|---|---|
| • सूचना महामार्ग परियोजनाहरुको जम्मा सम्झौता रकम | रु. ९,८९,१७,००,०००।०० |
| ब्रोडब्याण्ड परियोजनाको लागि सेवा प्रदायकहरुलाई गरिएको भुक्तानी | रु. २,४६,४६,००,४८९।२० |
| ब्रोडब्याण्ड परियोजनाको श्रावण मसान्त सम्मको बित्तीय प्रगति प्रतिशत | ४६.७६ |
| सूचना महामार्ग परियोजनाको श्रावण मसान्त सम्मको बित्तीय प्रगति | प्याकेज १ र प्याकेज २ को लागि Advanced Payment मात्र भुक्तानी गरिएको । |

## ३. अन्य कार्य/ बिबरणः

निर्माणाधिन परियोजना तथा सम्पन्न भएका परियोजनाहरुको लागि पूर्वाधार निर्माण/सेवा बिस्तार तथा मर्मत सम्भार कार्यका लागि Covid-19 को महामारीले हुनसक्ने सम्भावित संक्रमणलाई ध्यानमा राखी उच्च सतर्कता अपनाई जनशक्ति परिचालन गर्न संघीय संसद, प्रतिनिधिसभा, बिकास तथा प्रबिधि समितिबाट प्राप्त निर्देशन बमोजिम ब्यबस्था मिलाईएको छ। सेवा प्रदायकहरुलाई जनशक्ति परिचालन, उपकरण ढुवानी तथा मर्मत सम्भार कार्यका लागि आबश्यकताको आधारमा सवारी पास उपलब्ध समेत गराईएको छ । साथै दूरसंचार सेवा चौबिसै घण्टा सुचारु राख्न अनुमतिपत्र प्राप्त संस्थाहरुका सवारी साधन तथा कर्मचारीहरुलाई सम्बन्धित संस्थाको परिचयपत्रको आधारमा काठमाडौँ उपत्यकाभित्र सहज रुपमा आवतजावत गर्ने व्यवस्था मिलाउन प्राधिकरणबाट नेपाल सरकार, गृहमन्त्रालयमा समन्वय भइरहेको छ ।

अछाम,बझाङ्ग र बाजुरा जिल्लाहरुमा श्री Mercantile Communications Pvt. Ltd. ले जडान गरेको इन्टरनेट सेवा सम्बन्धमा सेवा प्रदायकको Network Operation Centre (NOC) मा गई परीक्षण तथा अनुगमन कार्य सम्पन्न गरीएको छ । हालको विषम परिस्थितिमा समेत प्राधिकरणवाट सञ्चालित परियोजनाहरुको सहजीकरण एवं सरोकारवालाहरुलाई सुसुचित गर्न निरन्तर रूपमा Zoom App मार्फत online meeting सञ्चालन गरी तथ्यांक संकलन गर्ने

तथा सेवा प्रदायकका काममा सहजिकरण गरी नेटवर्क जडान, सेवा संचालन तथा अनुगमन गर्ने कार्यलाई निरन्तरता दिइदै आएको छ।

विश्वभर फैलिएको Covid-19 को महामारीको कारण कतिपय सामुदायिक बिद्यालयहरु क्वारेन्टिन तथा उपचारको लागि प्रयोग भईरहेको तथा स्थानीय निकायहरु र सामुदायिक स्वास्थ्य संस्थाहरुलाई सूचना आदान प्रदान गर्न ईन्टरनेट सेवा अत्यावश्यक भएकोले कोष परिचालन गरी सञ्चालित परियोजना अन्तर्गतका स्थानीय निकाय, शैक्षिक संस्था, स्वास्थ्य संस्था आदिमा ब्रोडब्याण्ड सेवा अवरुद्ध हुन नदिन तथा टि क्षेत्रका अन्य संघ संस्था तथा आम नागरिकले इन्टरनेट सेवा जडान गर्न चाहेमा प्राधिकरणवाट स्वीकृत गरे वमोजिमको मात्र दररेट लिई सेवा जडान तथा संचालन गर्नु पर्ने व्यवस्था मिलाइएको छ। साथै ब्रोडब्याण्ड ईन्टरनेट जडान भईसकेका निकाय/संस्थाहरुमा सेवा सञ्चालन नभएको भए तथा यस विषयमा उपभोक्ता वर्गको कुनै सिकायत तथा जिज्ञासा भए प्राधिकरणमा जानकारी गराउन समेत सम्बन्धित सबैलाई प्राधिकरणबाट अनुरोध गरिएको छ।

मिन प्रसाद अर्याल

प्रबक्ता

नेपाल दूरसञ्चार प्राधिकरण

२०७७/०५/०४